# प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश,वीरेन्द्रनगर, सुर्खेत

## जनहितमा जारी सन्देश

**कोरोना भाइरस (COVID-19) को जोखिमबाट सुरक्षित रहनका लागि कर्णाली प्रदेश सरकारले गरेको पूर्व तयारी**

सबै जिल्लाहरूमा माग अनुसार आवश्यक औषधिहरु पठाइएको तथा Rapid Response Team (RRT) को बैठक बसी अत्यावश्यक औषधि, उपकरण सहित स्वास्थ्यकर्मीहरूलाई तयारी अवस्थामा रहन निर्देशन कार्यान्वयन भईरहेकोछ,

- प्रदेशस्तरमा रहेका सबै स्वास्थ्य संस्था मार्फत स्वास्थ्य शिक्षामूलक सामग्री तयार गरी वितरण तथा चेतनामूलक सन्देश दिने कार्यलाई तिब्रता दिनुका साथै सूचनामूलक व्यानर, फ्लेक्स टाँग्ने, पर्चा पम्पलेट वितरण गर्ने, रेडियो तथा पत्रपत्रिकाहरूमा सूचनामूलक सन्देशहरू संप्रेषण गर्ने काम भईरहेकोछ,
- मानिसहरूको प्रदेश बाहिरबाट आवतजावत हुने सिमानाका जस्तैः- (हुम्लाको हिल्सा (हाल याल्वाङ) सुर्खेतको बबई, कुइने, सुर्खेतबिमानस्थल र सल्यानको कपुरकोट) मा हेल्थ डेस्क स्थापना गरी सबै यात्रुहरुको शरीरको तापक्रम लिईराखिएकोछ । चेकजाँच गरेका मध्ये कसैलाई १००.४°F भन्दा बढी ज्वरो आएको भएमा वा छाती दुख्ने र खोकी लाग्ने लक्षण भएमा भारत लगायत विदेशवाट भित्रिएका यात्रुहरूलाई समेत विशेष निगरानीमा राखिएको र उनीहरूलाई आफ्नै घरमा १४ दिन सम्म अलग्गै बस्न र स्वास्थ्यकर्मीको संम्पर्कमा रहन अनुरोध गरिएकोछ,
- विरामीहरूलाई उपचार गर्न कर्णाली प्रदेश अस्पतालमा अलग्गैचिकित्सक तथा स्वास्थ्यकर्मी सहितको टोली, Isolation Beds, आवश्यक औषधि र उपकरण सहित तयारी अवस्थामा राखिएकोछ,

**हाल सम्ममा कर्णाली प्रदेशमा एउटा पनि कोरोना भाइरसको विरामी नदेखिएको र सर्वसाधारण नागरिकले आत्तिनुपर्ने अवस्था नरहेको तर सचेत रही तपसिल बमोजिमका साबधानी अपनाउन सबैमा हार्दिक अपिल गर्दछौः**

- सामान्य रूघाखोकी, ज्वरो आएका बिरामीले घरमै आराम गरी तातो, झोलिलो, पोषिलो खाना खाने,
- आवश्यक परेमा चिकित्सकको परामर्श लिने,
- सकभर भिडभाडमा नजाने तथा भिडयुक्त कार्यक्रमको आयोजना समेत हाललाई नगर्ने,
- खोक्दा वा हाच्छ्यू गर्दा नाकमुख छोप्ने,
- पटक पटक साबुनपानीले मिचिमिची हात धुने,
- सार्वजनिक स्थानमा रहेका रेलिङ, टेबुल, कुर्सी, आदिको सतहमा नछुने,
- हात मिलाउने, अंकमाल गर्ने जस्ता कार्यलाई निरूत्साहित गर्ने,
- जंगली अथवा घरपालुवा जीवजन्तुबाट टाढा रहने र पशुजन्य मासु तथा अण्डा राम्रोसँग पकाएर मात्र खाने,
- रूघाखोकी लागेका विरामी तथा उपचारमा संलग्न स्वास्थ्यकर्मीले अनिवार्य मास्क लगाउने,
- बिशेष समूहका दीर्घरोगीहरू जस्तैः (मधुमेह, दम, उच्च रक्तचाप, मृगौला रोग, आदि) भएका तथा ज्येष्ठ नागरिकहरूले बिशेष साबधानी अपनाउने,
- अत्यावश्यक बाहेक सार्वजनिक यातायातमा आवतजावत नगर्ने ।

**प्रवक्ता**
बिष्णुप्रसाद अधिकारी